## प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

## प्रदेश निजामती सेवाको वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहिन, वन रक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठयक्रम एवं परीक्षा योजना

पाठ्यक्रमको रुपरेखाः यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ।

### परीक्षा योजना (Examination Scheme)

| चरण | परीक्षा | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्याXअङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | शारीरिक तन्दुरुस्ती परीक्षण | ५० | - | प्रयोगात्मक | | |
| द्वितीय | लिखित परीक्षा | ५० | २० | वस्तुगत बहुवैकल्पिक प्रश्न | ५०प्रश्न x१अङ्क | ४५ मिनेट |
| तृतीय | अन्तर्वार्ता | २० | - | मौखिक | | |

द्रष्टव्यः

१. यस पाठ्यक्रमलाई प्रथम चरण, द्वितीय चरण र तृतीय चरण (शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित परीक्षा र अन्तर्वार्ता) मा विभाजन गरिएको छ।

२. शारीरिक तन्दुरुस्ती परीक्षण योजनाको शारीरिक परीक्षणमा तोकिएको मापदण्ड पुग्ने उम्मेदवारहरुले मात्र दरखास्त भर्न सक्ने व्यहोराको जानकारी दिई/खुलाई विज्ञापन सूचना प्रकाशित गरिनेछ। शारीरिक परीक्षणमा तोकिएको मापदण्डमा अन्यथा हुन गएमा उम्मेदवार स्वयं जवाफदेही हुनुपर्नेछ।

३. खुला र समावेशी समूहको एउटै प्रश्नपत्रबाट परीक्षा सञ्चालन हुनेछ।

४. परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी वा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ।

५. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

६. परीक्षा हलमा मोवाइल वा यस्तै प्रकारका विद्युतीय उपकरण, क्याल्कुलेटर, पुस्तक, नोटबुक, झोला लगायतका बस्तुहरु लैजान पाइने छैन।

७. यस पाठ्यक्रम अनुसारका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगावै संशोधन भई कायम रहेका विषयवस्तुलाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

८. प्रथम चरणको शारीरिक परीक्षणमा छनौट भएका उम्मेदवारहरुले मात्र तन्दुरुस्ती परीक्षणमा भाग लिन पाउने छन। तन्दुरुस्ती परीक्षणमा तोकिएका प्रत्येक इभेण्टहरुबाट सफल हुँदै गई सबै इभेण्टहरुमा सफल भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित गराइनेछ।

९. शारीरिक तन्दुरुस्ती परीक्षणसँग सम्बन्धित परीक्षा संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण सामग्री, साधन, श्रोत उपलब्ध गराउने दायित्त्व माग गर्ने सम्बन्धित निकायमा रहनेछ।

१०. शारीरिक तन्दुरुस्ती परीक्षण साधन, श्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र हुनेछ।

११. तृतीय चरणको अन्तर्वार्ताको लागि उम्मेदवार छनौट गर्दा प्रथम चरणको तन्दुरुस्ती परीक्षणका विभिन्न इभेण्टका परीक्षणमा छनौट भएका मध्येबाट प्रथम चरणको तन्दुरुस्ती परीक्षणमा प्राप्त अङ्क र द्वितीय चरणको लिखित परीक्षामा प्राप्त अङ्कको कुल योगका आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने मापदण्डका आधारमा नतिजा प्रकाशित गरिनेछ।

१२. प्रथम चरणको शारीरिक तन्दुरुस्ती परीक्षणको अङ्क, द्वितीय चरणको लिखित परीक्षाको अङ्क र तृतीय चरणको अन्तर्वार्ताको अङ्क जोडी योग्यताक्रम अनुसार अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

१३. पाठ्यक्रम अध्यावधिक सहित लागू मितिः- २०८०।१२।०३

# प्रथम चरणः शारीरिक तन्दुरुस्ती परीक्षण योजना

## (क) शारीरिक परीक्षण

| सि.नं. | बिबरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १ | उचाइ | ५ फिट २ इन्च (५' २") | ५ फिट |
| २ | छाती | ३१–३३ इन्च (३१"– ३३") | ×–× |
| ३ | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४ | आँखा परीक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको | +२ देखि -२ भन्दा कमजोर नभएको |
| ५ | Color Vision Test | रंग पहिचान सम्बन्धी दोष नभएको | रंग पहिचान सम्बन्धी दोष नभएको |

## (ख) तन्दुरुस्ती परीक्षण

| सि.नं. | परीक्षाका इभेण्टहरु (Events) | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | ३०० मिटर दौड | १० | यस परीक्षाका इभेण्टहरु शुरु गर्दा क्रमशः सि.नं. १ देखि ४ सम्म गर्नुपर्नेछ। अगाडीको इभेण्टमा असफल हुने उम्मेदवारहरु त्यसपछिको इभेण्टमा सहभागी हुन पाउने छैनन। |
| २ | ३००० मिटर दौड | २० | |
| ३ | रुख चढ्ने | १० | |
| ४ | पौडी | १० | |

# तन्दुरुस्ती परीक्षणको मूल्यांकन विधि

## (१) ३०० मिटर दौड

| पुरुष | | महिला | |
|---|---|---|---|
| विवरण | अंक | विवरण | अंक |
| ४८ सेकेन्ड सम्म | १० | ५८ सेकेन्ड सम्म | १० |
| ४८.१ सेकेन्ड वा सो भन्दा बढी | असफल | ५८.१ सेकेन्ड वा सो भन्दा बढी | असफल |

## (२) ३००० मिटर दौड

| पुरुष | | महिला | |
|---|---|---|---|
| विवरण | अंक | विवरण | अंक |
| १२ मिनेट सम्म | २० | १४ मिनेट सम्म | २० |
| १२.१ मिनेट देखि १४ मिनेट सम्म | १८ | १४.१ मिनेट देखि १६ मिनेट सम्म | १८ |
| १४.१ मिनेट देखि १६ मिनेट सम्म | १६ | १६.१ मिनेट देखि १८ मिनेट सम्म | १६ |
| १६.१ मिनेट वा सो भन्दा बढी | असफल | १८.१ मिनेट वा सो भन्दा बढी | असफल |

(३) रुख चढ्ने

| पुरुष | | महिला | |
|---|---|---|---|
| विवरण | अंक | विवरण | अंक |
| ५ मिटरसम्म रुख चढ्ने | १० | ४ मिटरसम्म रुख चढ्ने | १० |
| ५ मिटरसम्म रुख चढ्न नसक्ने | असफल | ४ मिटरसम्म रुख चढ्न नसक्ने | असफल |

**(४) पौडी खेल्ने (पोखरी (स्वीमिङ्ग पुल))**

| पुरुष | | महिला | |
|---|---|---|---|
| विवरण | अंक | विवरण | अंक |
| ८ मिटरसम्म दुरि पौडी खेली तर्ने | १० | ६ मिटरसम्म दुरि पौडी खेली तर्ने | १० |
| ८ मिटरसम्म पौडी खेल्न नसक्ने | असफल | ६ मिटरसम्म पौडी खेल्न नसक्ने | असफल |

## द्वितीय चरणः लिखित परीक्षा

## विषयः सेवा सम्वन्धी

१. वनजंगल, वनस्पति लगायत वन्यजन्तुहरुको संरक्षण तथा वन अपराध नियन्त्रण
२. वन क्षेत्रमा गस्ति गर्दा ध्यान दिनु पर्ने कुराहरु
३. वन मापन (DBH, गोलाइ, लम्बाइ, आयतन)
४. वन पैदावर छपान, कटान, मुछान र घाटगद्दी
५. टाँचा र वन पैदावर ओसारपसार
६. हिरासतमा रहेका अभियुक्तहरुको बारेमा ध्यान दिनु पर्ने कुराहरु
७. दुर्लभ तथा प्रतिबन्धित (साइटिस अनुसूचीमा उल्लेखित समेत) वनस्पति र वन्यजन्तुहरुको नाम र पहिचान
८. माउ रुख पहिचान, विउ संकलन, विरुवा उत्पादन र वृक्षरोपण
९. वनको किसिम र प्रजातिहरुको भौगोलिक वितरण
१०. वन संरक्षणमा देखिएका मुख्य समस्या/चुनौतीहरु (वन डढेलो, अतिक्रमण र चरिचरण)
११. वन्यजन्तुहरुको उद्धार र नियन्त्रण
१२. सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, वन संरक्षण क्षेत्र, निजी वन र कृषि वन विकास तथा व्यवस्थापन (कार्ययोजना कार्यान्वयन र समूह परिचालन)
१३. वन विकास सम्बन्धी प्रचार प्रसारका सामग्री तथा उपयोगिता
१४. कर्णाली प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका वन सम्बन्धी निकायहरुको कार्य जिम्मेवारी र सांगठनिक संरचना
१५. नेपालमा पाइने महत्वपूर्ण बिरुवा तथा जडिवुटीहरु
१६. कर्णाली प्रदेशमा पाइने विरुवा तथा जडिवुटीहरुको नाम, पहिचान र उपयोगिता
१७. कर्णाली प्रदेश वन तथा वातावरण सम्बन्धी ऐन र नियमावलीको सामान्य जानकारी
१८. कर्णाली प्रदेशमा पाइने प्रमुख संरक्षित वनस्पति तथा वन्यजन्तुहरु
१९. कर्णाली प्रदेशमा रहेका संरक्षित क्षेत्रहरु
२०. जैविक विविधता संरक्षण सम्बन्धी प्रमुख चुनौतीहरु
२१. एकीकृत भू तथा जलाधार व्यवस्थापन
२२. जलबायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकुलन
२३. प्रदेश निजामती सेवा ऐन तथा नियमावली (विदा, सजाय र आचरण)
२४. कर्णाली प्रदेशमा पर्यापर्यटन विकास, सम्भावनाहरु र चुनौतीहरु

**सेवा सम्बन्धी विषयको प्रश्नसंख्या तालिका**

| एकाई | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रश्नसंख्या | १० | | | | | १० | | | | | १० | | | |
| एकाई | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | | | | |
| प्रश्नसंख्या | १० | | | | | १० | | | | | | | | |

---The End---